नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
(प्रशासन शाखा)

फोन नं.: ०१४४११३५३
०१४४२१२८३
०१४४२१२८६
फ्याक्स नं.: ०१४४१४६८८
ई-मेल:
admin@postalservice.gov.np
nepalpost.hulak@gmail.com
डिल्लीबजार, काठमाण्डौं, नेपाल

पत्र संख्याः- क.प्र.१.१-०७५/७६
च.नं.:- १४५८

मिति २०७६/०२/२१

**विषयः सूचनाको हकसम्बन्धी चौथो त्रैमासिक विवरण सम्बन्धमा ।**

श्री गोश्वारा हुलाक कार्यालय, सुन्धारा ।
श्री हुलाक प्रशिक्षण केन्द्र, बबरमहल ।
श्री केन्द्रीय धनादेश कार्यालय, बबरमहल ।
श्री फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, सुन्धारा ।
श्री हुलाक निर्देशनालय, बिराटनगर ।
श्री हुलाक निर्देशनालय, पोखरा ।
श्री हुलाक निर्देशनालय, सुर्खेत ।
श्री हुलाक निर्देशनालय, डोटी ।
श्री जिल्ला हुलाक कार्यालय ७० (सबै) ।

उपर्युक्त विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम (३) बमोजिमको विवरण सवै सार्वजनिक निकायहरुले प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था यहाँलाई विधितै छ । सो सम्बन्धमा तहाँ निकाय/कार्यालयबाट उपरोक्तानुसार तोकिएका सूचना अधिकारी (सूचना अधिकारी नतोकिएको भए तोकि) को नाम, मोवाइल नं., र इमेल ठेगानाका साथै सूचनाको हक कार्यान्वयनको लागि प्रत्येक तीन/तीन महिनामा प्रकाशन गर्नुपर्ने चौथो त्रैमासिक (बैशाख, जेठ र असार महिना) को विवरण समयमै प्रकाशन गरी सो प्रकाशन गरिने विवरण यस विभागमा अनिवार्य उपलब्ध गराउनु हुन अनुरोध छ । सम्पूर्ण जिल्ला हुलाक कार्यालयहरूले तहाँ जिल्ला स्थित सम्पूर्ण सरकारी निकायहरु/कार्यालयहरूमा उपरोक्तानुसार सूचनाको हक कार्यान्वयनको विवरण सम्बन्धमा अनुगमन गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुका साथै ती निकाय/कार्यालयहरूका सूचना अधिकारीहरूको नाम, मोवाइल नं., र इमेल ठेगाना अनुगमन गरी यस विभागमा असार महिनाको पहिलो साताभित्र अनिवार्य रुपमा उपलब्ध गराइदिने प्रयोजनका लागि अग्रिम पत्राचार गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७६।२।२१

(मैयादेवी धमला)
निर्देशक/सूचना अधिकारी

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रायल, प्रेस तथा सूचना समन्वय शाखा ।